आज मिति २०७९/०३/०८ गतेका दिन यस आदर्श कोतवाल गाउँपालिकाका अध्यक्ष श्री जवाहर् प्रसादज्यूको अध्यक्षतामा बसेको नवौं गाउँसभाको बैठकमा तपसिल बमोजिमका प्रस्तावमाथि छलफल गरि निर्णय गरियो ।

उपस्थिति

| क्र.सं. | नाम थर | पद | हस्ताक्षर | |
|---|---|---|---|---|
| | | | हन्छ तर्फ | हुँदैन तर्फ |
| १ | जवाहर प्रसाद | गाउँसभा सभाअध्यक्ष | [signature] | |
| २ | मिरा देवी | गाउँसभा उपाध्यक्ष | [signature] | |
| ३ | प्रमोद कुमार साह | प्र.प्र.अ. | [signature] | |
| ४ | सुनिल प्रसाद कुश्वाहा | गाउँसभा सदस्य | [signature] | |
| ५ | मनोज कुमार मेहता | गाउँसभा सदस्य | [signature] | |
| ६ | शशिभुषण प्रियदर्शी यादव | गाउँसभा सदस्य | [signature] | |
| ७ | शेख जवाहिर | गाउँसभा सदस्य | [signature] | |
| ८ | रुपेश नारायण सिंह | गाउँसभा सदस्य | [signature] | |
| ९ | राजु कुमार गुप्ता | गाउँसभा सदस्य | [signature] | |
| १० | जनक ठाकुर लोहार | गाउँसभा सदस्य | [signature] | |
| ११ | हरिनारायण प्रसाद कुशवाहा | गाउँसभा सदस्य | [signature] | |
| १२ | गान्धी देवी | गाउँसभा सदस्य | | |
| १३ | सुरसती देवी | गाउँसभा सदस्य | [signature] | |
| १४ | रंजीत प्रसाद गुप्ता | गाउँसभा सदस्य | [signature] | |
| १५ | लखीन्द्र प्रसाद साह | गाउँसभा सदस्य | [signature] | |
| १६ | प्रमिला कुमारी चौधरीं | गाउँसभा सदस्य | [signature] | |
| १७ | फुलमाया देवी | गाउँसभा सदस्य | [signature] | |
| १८ | नन्दलाल साह तेली | गाउँसभा सदस्य | [signature] | |
| १९ | श्याम हजरा दुसाद | गाउँसभा सदस्य | [signature] | |
| २० | उर्मिला देवी | गाउँसभा सदस्य | [signature] | |
| २१ | रिना देवी राम | गाउँसभा सदस्य | [signature] | |
| २२ | जुलुस राय यादव | गाउँसभा सदस्य | [signature] | |
| २३ | सिकिन्दर प्रसाद यादव | गाउँसभा सदस्य | [signature] | |
| २४ | अजरुन खातुन | गाउँसभा सदस्य | | |

| क्र.सं. | नाम थर | पद | हस्ताक्षर | |
|---|---|---|---|---|
| | | | हन्छ तर्फ | हुँदैन तर्फ |
| २५ | सुनैना चमइन | गाउँसभा सदस्य | | |
| २६ | शंकर साह कानु | गाउँसभा सदस्य | | |
| २७ | पपु कुमार यादव | गाउँसभा सदस्य | | |
| २८ | कमोधा देवी | गाउँसभा सदस्य | कमोधा | |
| २९ | सुनिता देवी | गाउँसभा सदस्य | सुनिता | |
| ३० | जयमंगल प्रसाद साह | गाउँसभा सदस्य | [illegible] | |
| ३१ | प्रयाग महतो धानुक | गाउँसभा सदस्य | [illegible] | |
| ३२ | पुजनी कुमारी देवी | गाउँसभा सदस्य | पुजनी | |
| ३३ | सहोदरी देवी चमार | गाउँसभा सदस्य | | |
| ३४ | अनहोती महतो | गाउँसभा सदस्य | [illegible] | |
| ३५ | अरुण कुमार पाण्डे | गाउँसभा सदस्य | | |
| ३६ | सकली देवी सहनी | गाउँसभा सदस्य | सकली | |
| ३७ | बचनी देवी | गाउँसभा सदस्य | बचनी | |
| ३८ | दिपलाल प्रसाद कुशवाहा | गाउँसभा सदस्य | दिपलाल | |
| ३९ | लालप्रसाद यादव | गाउँसभा सदस्य | लालप्रसाद यादव | |
| ४० | रम्भा देवी | गाउँसभा सदस्य | [illegible] | |
| ४१ | रामपति देवी | गाउँसभा सदस्य | | |
| ४२ | शिव सा कानु | गाउँसभा सदस्य | [illegible] | |
| ४३ | सनत मुखिया वीन | गाउँसभा सदस्य | सनत | |
| ४४ | रामनरेश महरा | गाउँसभा सदस्य | रामनरेश | |
| ४५ | गुन्जेश्वरी प्रसाद साह कानु | गाउँसभा सदस्य | गुन्जेश्वरी | |

<u>तपसिल</u>

<u>प्रस्ताव नं. १</u>:- आ.व. २०७९/०८० को वार्षिक नीति तथा कार्यक्रम अनुमोदन गर्ने सम्वन्धमा।

<u>निर्णय नं. १</u>:- यस प्रस्ताव माथि छलफल हुँदा गाउँ कार्यपालिकाको बैठकबाट पारित भई आएका आ.व. २०७९/०८० को नीति तथा कार्यक्रमलाई गाउँसभाबाट सर्वसम्मतले अनुमोदन गर्ने निर्णय पारित गरियो ।

**श्रीमान् सभाध्यक्ष महोदय,**

ऐतिहासिक, संस्कृतिक एवम धार्मिक दृष्टिले महत्वपूर्ण क्षेत्रमा अवस्थित तथा विकास तथा प्रगतिको पथमा अग्रसर भइरहेको यस आदर्श कोतवाल गाउँपालिकाको आ.व. २०७९/०८० को लागि नीति तथा कार्यक्रम प्रस्तुतीकरण सभामा सहभागी भई दिनु हुने प्रमुख अतिथि, विशिष्ट अतिथि, अतिथि, गाउँसभाका सदस्य, संचारकर्मी मित्रहरु, सुरक्षाकर्मी साथीहरु, यस कार्यालयका सम्पूर्ण राष्ट्रसेवक कर्मचारीहरु एवम उपस्थित सम्पुर्ण महानुभावहरुलाई हार्दिक स्वागत गर्न चाहन्छु । यस अवसरमा विभिन्न काल खण्डमा नेपालको सामाजिक परिवर्तन लोकतान्त्रिक गन्तन्त्र नेपालको स्थापना तथा मधेश प्रदेशका विभिन्न आन्दोलनमा आफ्नो अमुल्य जिवन उत्सर्ग गर्ने ज्ञात अज्ञात सहिदहरु प्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु ।

स्थानीय सरकारको रुपमा रहेको यो आदर्श कोतवाल गाउँपालिकाको गरिमामय नवौं गाउँसभामा आ.व. २०७९/०८० को लागि नीति तथा कार्यक्रम आजको सभामा प्रस्तुत गर्ने सुअवसर पाएकोमा म धेरै खुशी छु ।

यस गाउँपालिकामा स्थानीय सरकारको रुपमा गाउँपालिका तथा गाउँपालिकावासी जनताको सेवाका लागि नव निर्वाचित भई हामी जनप्रतिनिधी आएका छौ । अबको आगामी दिनहरुमा म आफ्ना निर्वाचित जनप्रतिनिधी तथा गाउँसभा सदस्य साथीहरु सँग सुमधुर सम्वन्ध राखी यस गाउँपालिकाको लागि चाहिएको विभिन्न ऐन नियम कार्यविधीहरु पारित गरी सोही ऐन नियम कार्यविधीलाई अधार मानी विषयगत शाखाहरु द्वारा संचालन हुने कार्यक्रमको साथै विकास निर्माणका कामहरु प्रभावकारी ढंगवाट संचालन गर्दै अबको यात्रा अगाडी बढाउनेछु । जसमा हामी सामु थुप्रै अवसर र साथ साथै चुनौतीहरुको सामना गर्नुपर्ने हुन्छ । लाखौ चुनौतीको वावजुद म आफ्ना निर्वाचित जनप्रतिनिधीहरुको हातमा हात तथा काँधमा काँध मिलाई स्थानीय सरकारले गर्नुपर्ने सम्पुर्ण काम तथा जिम्मेवारीलाई पुरा गर्नका लागि आज यो बेलैमा यहाँहरु समक्ष आगामी आ.व.को लागि नीति तथा कार्यक्रम प्रस्तुत गर्ने अनुमती चाहन्छु ।

**"आदर्श कोतवाल गाउँपालिकाको सान, समृद्ध पालिका सुखी जनता हाम्रो अभियान; बेरोजगारलाई आय, समतामुलक न्याय, अर्थपूर्ण आवद्धता आदर्श कोतवालको प्रतिवद्धता"** भन्ने सुन्दर नाराका साथ अगाडी वढ्ने अभिप्राय लिएको यस गाउँपालिका विकासको दृष्टिकोणले मध्यम अस्तरको भएता पनि सम्भावनाको हिसावले प्रचुर रहेको छ ।

उपस्थित महानुभावहरु, अब म यस गाउँपालिकाको आ.व. २०७९/०८० को नीति तथा कार्यक्रमहरु प्रस्तुत गर्न चाहन्छु ।

# १. आर्थिक विकास तर्फका नीति तथा कार्यक्रमहरुः-

## १.१ कृषि तथा पशु विकास तर्फः-

- व्यवसायिक नगदेबालीलाई प्रवर्द्धन गर्न गाउँपालिका भित्रका जमिनको प्रकृति अनुरुप पालिकाको पहिचान सहितको विशेष नगदेबालीको व्यवसायिक उत्पादन कार्यक्रमलाई प्राथमिकताका साथ संचालन गरिनेछ।
- कृषकहरुको आर्थिक क्षति न्यूनीकरणको लागि यस गाउँपालिका अन्तर्गत बाह्रै महिना कृषि प्राविधिक परिचालन गर्नुको साथै समय-समयमा बाली संरक्षण शिविर संचालन गरिनेछ तथा आवश्यकता अनुसार पशु प्राविधिक र चिकित्सकको व्यवस्था गरिनेछ ।
- किसानहरुलाई कृषि औजार तथा मल, बीउ, चुन खरिदमा अनुदान उपलब्ध गराईनेछ ।
- गाउँपालिका भित्र रहेका खाली सार्वजनिक जमिनलाई उपयोग गरी जमिनको प्रकृति अनुरुपका उत्पादन गर्न व्यक्ति वा समूहलाई ठेक्कामा जमिन उपलब्ध गराइनेछ ।
- प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजनालाई प्राथमिकतामा राखी यस गाउँपालिकाको सम्भावनाको आधारमा खाद्यान्न बाली बस्तुको उत्पादन पकेट क्षेत्र कार्यक्रमको विकास गरिनेछ ।
- उत्कृष्ट कृषकलाई प्रोत्साहन स्वरुप **गाउँपालिका अध्यक्ष उत्कृष्ट कृषक पुरस्कार** प्रदान गरिनेछ । साथै हरेक वर्ष गाउँपालिकामा कृषि प्रदर्शनी संचालन गरिनेछ ।
- माटोको उर्वराशक्ति बचाउन तथा बातावरण संरक्षण गर्न माटो जाच/ परिक्षण शिविर संचालन गरि माटो सुधारको व्यवस्था मिलाईनेछ ।
- प्रदेश सरकारसँग समन्वय गरी कृषक कार्डको व्यवस्था गरी कृषकलाई अनुदान दिइनेछ र यस गा.पा. अन्तर्गतको कृषकहरुको कृषि विमा तथा पशु विमा कार्यक्रमको सञ्चालनको लागि उच्च प्राथमिकताको साथ आवश्यक व्यवस्था मिलाइनेछ ।
- महिला कृषि उधमशिलता विकासको लागि महिला कृषकको सहभागीतामा अभिमुखीकरण गर्दै कृषि सम्बन्धी तालिमहरु सञ्चालन गरिनेछ ।
- वातावरण संरक्षण तथा पोषण कार्यक्रममा टेवा पुर्याउने उदेश्यका साथ **एक घर एक फलफुल/मेडिसिनल प्लान्ट (तेजपता, कागती, घीउकुमारी, जस्ता) विरुवा कार्यक्रम** संचालन गरिनेछ ।
- गाउँपालिका क्षेत्रभित्रको कृषि उत्पादनलाई बजारीकरण तथा व्यवस्थिकरणको लागि संम्बन्धित निकायमा पहल गरिनेछ । साथै कृषि बजारका लागि गाउँपालिकाको केन्द्रमा कृषि सेड निर्माण गरिनेछ ।
- कृषि उपजमा किटनाशक विषादीको प्रयोगलाई निरुत्साहित गर्दै आर्गेनिक उत्पादनमा जोड दिइनेछ । साथै प्राङ्गारिक मलका लागि धैंचाको बीउ वितरण गरिनेछ ।
- सौर्य प्रविधिमा आधारित आधुनिक सिचाई कार्यलाई अगाडी बढाईनेछ ।

- गाउँपालिकाको ८५% अनुदानमा आधारित साना सिचाई कार्यक्रम संचालन गरिनेछ ।
- **स्वस्थ्य पशु पालन हाम्रो प्रतिबद्धता**को मान्यता अनुरुप पशु सेवा तथा उपचारको लागि औषधी खरिद अन्तर्गत रकम विनियोजन गरिनेछ ।
- मासु, अण्डा तथा दुग्ध जन्य उत्पादनमा आत्मनिर्भरताका लागि पशु आहार कार्यक्रम साथै अन्य आवश्यक कार्यक्रम अन्तर्गत वजेट विनियोजन गरिनेछ ।
- पशु स्वास्थ्य शिविर संचालनको लागि वजेटको व्यवस्था गरिनेछ ।
- विरामी पशुहरुलाई उपचार र कृत्रिम गर्भधारण गर्ने ट्रेविज निर्माणको लागि रकम विनियोजन गरिनेछ ।
- माछा पकेट जोन निर्धारण गरी उन्नत जातको माछाको भुरा वितरणमा अनुदानको व्यवस्था गरी माछाजन्य उतपादन लाई प्रवर्द्धन गरिनेछ ।
- हरेक वडामा दुग्ध उत्पादन दरमा वृद्धि गर्न कृषकलाई प्रोत्साहन स्वरुप दश-दश वटाका दरले गाईको वाछी वितरण गरिनेछ ।
- प्रसस्त रुपमा वर्सेनी घाँस उत्पादनका लागि नर्सरी वेड तयार गरी निःशुल्क बेर्ना वितरण गरिनेछ ।
- बाखाको नशल सुधार प्रयोजनको लागि हरेक वडामा आवश्यकताका आधारमा बोयर जातको बोका वितरण गरिनेछ ।

## १.२ उद्योग तथा वाणिज्य तर्फः-

- युवा स्वरोजगार अभियानलाई सार्थक वनाउनका लागि उद्यमशिलता विकासमा जोड दिइनेछ ।
- खेर गइरेहका श्रमलाई उत्पादनमा जोडन हाते शीप मुलक बहु उद्यम कार्यक्रम सञ्चालन गरिनेछ । यसका लागि साझा सुविधा केन्द्र स्थापना गरिनेछ ।
- यस गाउँपालिका क्षेत्र भित्र सञ्चालन हुने उद्योग व्यवसायहरुको दर्ता तथा नियमन गर्नका लागी रणनिती तयार गरी कार्यान्वयन गरिनेछ ।
- यस गाउँपालिका भित्र रहेको बजारलाई व्यवस्थित गर्न सस्तो, सुलभ र सुपथ बजारीकरणको आवधारणा व्यवस्थापन गर्नको लागि नियमित सुपरिवेक्षण र अनुगमन सयंन्त्र स्थापना तथा सञ्चालन गरिनेछ । गाउँपालिका स्तरीय एक औद्योगिकग्राम स्थापनाका लागि आवश्यक पूर्वाधार निर्माणको लागि पहल गरिनेछ ।

## १.३ पर्यटन तर्फः-

- पर्यटन प्रवर्द्धनको लागि गाउँपालिका भित्रका प्रमुख पर्यटकिय स्थलहरुको खोजी गरी पुर्वाधारको विकास गर्न पहल गरिनेछ ।

- यस आदर्श कोतवाल गाउँपालिका भित्र रहेका सबै मठ मन्दिर तथा मस्जिदहरुको अभिलेख गरी भौतिक तथा संरचनागत सुधारको कार्यक्रम सञ्चालन गरिनेछ ।
- यस आदर्श कोतवाल गाउँपालिका भित्रका पर्यटकीय स्थलहरुको विकास गर्न सम्भावना भएका क्षेत्र पहिचान गरी बालमैत्री उद्यान (पार्क) निर्माणको अध्ययन गरी कार्यको थालनी गरिनेछ ।
- २०५१ सालमा प्रारम्भिक सर्वेक्षण भई २०५६ सालमा निर्णय भएको दोस्रो अन्तरराष्ट्रिय विमान स्थल निजगढको डी.पी.आर. जग्गा प्राप्ती तथा वातावरणीय प्रभाव मुल्याङ्कन कार्य पुरा गरी मुआब्जा वितरण प्रक्रिया समेत अन्तिम चरणमा पुगिसकेको राष्ट्रिय गौरवको परियोजना बारा जिल्लाकै विकासका पुर्वाधारको रुपमा रहेको निजगढ अन्तरराष्ट्रिय विमान स्थल निर्माणमा रोक लगाउने सर्वोच्च अदालतको निर्णयको पुनरावलोकन गर्न तथा अन्तरराष्ट्रिय विमान स्थल बारा जिल्लामानै निर्माण गराउन विशेष पहल गरिनेछ ।
- आदर्श कोतवाल गाउँपालिकाको राम मन्दिरलाई प्रदेश स्तरको पर्यटकीय स्थलको रुपमा विकास गर्न हरियाली पार्क निर्माण गर्ने कार्यको लागि आवश्यक बजेटको व्यवस्था गरिनेछ।
- गाउँपालिका स्तरीय एक **पिकनिक स्पट** निर्माणका लागि आवश्यक व्यवस्था गरिनेछ ।

### १.४ सहकारी, गरिबी न्यूनीकरण तथा उधमशिलता विकास तर्फः-

- यस गाउँपालिकाको प्रत्येक वडामा **सुरक्षित आप्रवासन परियोजना (SaMi-III)** लागु गरी वैदेशिक रोजगारलाई सुरक्षित र भरपर्दो बनाईनेछ ।
- गरिबीको रेखा मुनि रहेका स्थानीयहरुको पहिचान गरी नेपाल सरकार, प्रदेश सरकार, सहकारी संस्था, गैर सरकारी संघ-संस्थाहरुको समन्वय र साझेदारीमा आयमूलक तथा सीपमूलक कार्यक्रमहरु संचालन गरिनेछ ।
- सहकारी क्षेत्रलाई प्रवर्द्धन गर्दै गाउँपालिकाको आर्थिक एवम सामाजिक विकासमा अधिकतम परिचालन गरिनेछ ।
- सहकारीद्वारा संचालित उधोग तथा व्यवसायलाई प्रोत्साहन तथा प्रवद्धन गरिने छ ।
- कृषि तथा पशु क्षेत्रसँग सम्वन्धित सहकारीलाई प्रोत्साहन तथा हरेक प्रकारको सहयोग गरिने छ ।
- गाउँपालिका भित्रका सम्पूर्ण सहकारीहरुलाई **COPOMIS** सिस्टममा आवद्ध गराईनेछ ।

## २. सामाजिक विकास तर्फका नीति तथा कार्यक्रमहरुः-

### २.१ शिक्षा तर्फः-

- यस गाउँपालिका अन्तर्गत रहेको विघालयहरु मध्ये ३ वटा विघालयलाई स्रोत सम्पन्न रुपमा माध्यमिक विघालयको रुपमा विकास गरी संचालन गरिनेछ र त्यस्तो विघालयको आधारभूत तहसम्म अंग्रेजी माध्यमको पठनपाठनको सुरुवात गरिनेछ ।

- सरकारी सेवामा पहुच बढाउन तथा बढदो युवा बेरोजगारीको समस्या हल गर्न लोकसेवा तयारी कक्षा शिक्षक सेवा तयारी कक्षा संचालनको व्यवस्था मिलाईनेछ ।
- बढदो विद्यार्थीको चापलाई मध्यनजर गर्दै शिक्षक विद्यार्थी अनुपातका आधारमा आवश्यक स्वयमसेवक शिक्षकको व्यवस्था गरिनेछ ।
- यस गाउँपालिका अन्तर्गत कम्तिमा एक गाउँपालिका स्तरीय सुविधा सम्पन्न सार्वजनिक पुस्तकालयको व्यवस्था गरी शैक्षिक स्तरोन्तीको व्यवस्था मिलाईनेछ ।
- गुणस्तरिय, स्वच्छ प्रतिस्पर्धात्मक अध्ययन अध्यापन प्रणालीलाई प्रवर्द्धन गर्न प्राथमिक्ता दिदै गाउँपालिका अन्तर्गतको सम्पूर्ण विद्यालयको भौतिक तथा संस्थागत सुधार गरिनेछ ।
- विद्यालय क्षेत्रलाई पूर्ण रुपमा मधपान तथा धुम्रपाण निषेधित क्षेत्र घोषणा गरी, कुलतमा फसेका वालवालिकाको लागि सुधार कार्यक्रम/सचेतनामुलक कार्यक्रम सञ्चालन गरिनेछ ।
- शैक्षिक सुधार प्रयोजनार्थ आफ्नो विषयमा अब्बल नतिजा ल्याउने तथा उत्कृष्ट शिक्षक शिक्षिका छनौट गरी पुरस्कार र प्रोत्साहनको व्यवस्था गरिनेछ । साथै एस.ई.ई. पछि बृजकोर्ष संचालनमा ल्याइनेछ ।
- यस गाउँपालिका अन्तर्गतको विद्यालयहरुको जेहेन्दार विद्यार्थीहरुलाई उच्च शिक्षाको लागि छात्रवृतिको व्यवस्था गरिनेछ ।
- यस गाउँपालिका अन्तर्गतको शिक्षक शिक्षिकाहरुको शिक्षण क्षमता वृद्धि गर्न शिपमूलक तथा प्राविधिक शैक्षिक तालिमको व्यवस्था गरिनेछ ।
- मुख्यमन्त्री बेटी पढाउ, बेटी बचाउ अभियानलाई अझ शसक्त ढङ्गले अगाडी बढाउन सम्बन्धित सरोकारवालाहरु सँग समन्वय र सहकार्य गरिनेछ ।
- यस गाउँपालिका अन्तर्गत रहेका संस्थागत र मदरसा विद्यालयहरुको गुणस्तरिय शिक्षाको लागि विद्यालय निरन्तर अनुगमन गरी सो आधारमा पुरस्कार/दण्डको नीति अवलम्वन गरिनेछ ।
- यस गाउँपालिका अन्तर्गतको विद्यालयहरुमा गुणस्तरीय र प्रभावकारी शिक्षाको निमित्त मातृभाषामा तथा अङ्ग्रेजी भाषामा अध्ययन, अध्यापन गराउनको लागि **EMC Class** सञ्चालनमा लयाईनेछ ।
- गाउँपालिका शिक्षा ऐन, नियम र योजनाको तर्जुमा गरी कार्यविधि र मापदण्ड समेत निर्धारण गरी अघि बढिनेछ ।
- शैक्षिक पठनपाठन सुधारको लागि **शैक्षिक क्यालेन्डर**को निर्माण गरिनेछ।
- यस गाउँपालिका अन्तर्गतको विद्यालयहरुमा स्वच्छ खानेपानी तथा आधुनिक र लैङ्गिक तथा अपाङ्गमैत्री शौचालयको व्यवस्था गरिनेछ ।
- शिक्षण सिकाई पेशालाई प्रभावकारी र मर्यादित बनाउन प्रत्येक विद्यालयका **सम्पूर्ण शिक्षकहरुको लागि पाठयोजना पुस्तकको व्यवस्था मिलाईनेछ र यसको साथै सम्पूर्ण विद्यार्थीको लागि ID Card र झोलाको व्यवस्था मिलाईनेछ** ।
- विद्यालय स्तरीय लोकसंस्कृति झल्काउने खालको वार्षिक कार्यक्रम संचालनमा ल्याइ निरन्तरता दिइनेछ ।

- कार्यालय प्रयोजनका लागि प्रत्येक विद्यालयमा एक सेट कम्प्युटर, प्रिन्टर तथा इन्टरनेटको समेत व्यवस्था गरी सो सम्बन्धमा आवश्यक तालिम प्रदान गरिनेछ ।

## २.२ स्वास्थ्य तर्फः-

- ५ वर्ष मुनिका कुपोषित बालबालिकाहरुको लागि प्रत्येक वडाका स्वास्थ्य संस्थामा OTC सेन्टरको व्यवस्था मिलाईनेछ ।
- स्वास्थ्यको सेवालाई प्रभावकारी बनाउन तथा निकट भविष्यमा हुन सक्ने माहामारी संक्रमणजन्य रोगलाई नियन्त्रण, व्यवस्थापन गर्न साथै निरन्तर अनुगमन व्यवस्थालाई प्रभावकारी बनाई सेवा प्रदान गर्ने MBBS र जनस्वास्थ्य अधिकृत MPH को व्यवस्था गरिनेछ।
- निःशुल्क औषधी वितरण कार्यलाई नियमित र पारदर्शी बनाइनेछ ।
- गृहिणीहरुलाई बालबालिका हेरचाह र स्वस्थ आहार सम्बन्धी आधारभूत तालिम दिइनेछ ।
- सम्पूर्ण वडाहरुको स्वास्थ्य चौकीहरुमा बर्थिङ्ग सेन्टर निर्माण गरी गर्भवती आमाहरुलाई सम्वन्धित वडाको स्वास्थ्य संस्थामा नै प्रसुति गराउने व्यवस्था मिलाईनेछ ।
- गाउँपालिका भित्रका स्वास्थ्य चौकीहरुमा एम्बुलेन्सको व्यवस्था गरिनेछ साथै गाउँवासीका लागि २४ औं घण्टा एम्बुलेन्स सेवा प्रदान गर्ने सुनिश्चित गरिनेछ ।
- स्वास्थ्य मन्त्रालयबाट स्वीकृत गाउँपालिका स्तरीय १५ शैयाको आधारभूत अस्पताल निर्माण र निर्माणाधिन महेन्द्र आदर्श आयुर्वेद औषधालयको भवनको लागि विशेष पहल गरी आ.व. २०८०/०८१ सम्म पूर्ण संचालनमा ल्याईनेछ ।
- आयुर्वेद चिकित्सा सेवा प्रणालीको व्यवस्थापन गर्दै निःशुल्क आयुर्वेद स्वास्थ्य शिविर, स्वस्थ जीवन कार्यक्रम सञ्चालन गरिनेछ ।
- बहुक्षेत्रिय पोषण योजनालाई शसक्त रुपमा कार्यन्वयन गरी पौस्टिक खाना खाने बानी बसाई कुपोषणलाई नियन्त्रण गर्ने सम्वन्धी कार्यक्रम सञ्चालन गरिनेछ ।
- खोप सेवा प्रभावकारी वनाउनको लागि कोल्ड-चेन मेन्टेन गरिनेछ साथै स्वास्थ्य सेवालाई प्रभावकारी वनाउन घुम्ती स्वास्थ्य शिविर संचालन गरिनेछ ।
- स्थानिय तहमा स्वास्थ्य कार्यक्रम संचालनको लागि मार्गदर्शन आ.व. २०७७/०७८ का आयुर्वेद सेवा कार्यक्रमहरुलाई निरन्तरता दिईनेछ ।
- कोभिड १९ को प्रभावले दुषित भएका वातावरणलाई स्वच्छ तथा निर्मलीकरण गर्न प्रत्येक घर-घरमा दुषित प्रभाव कम गर्ने जडिबुटीका विरुवाहरु रोप्न कार्यक्रम गराईनेछ ।
- राष्ट्रिय तथा अन्तरराष्ट्रिय स्वास्थ्य कार्यक्रममा आयुर्वेद तर्फका तथा अन्य स्वास्थ्यकर्मीलाई समावेश गराइनेछ तथा आवश्यक तालिममा सहभागी गराईनेछ ।
- "मेरो स्वास्थ्य, मेरो जिम्मेवारी" अन्तर्गत लक्ष्य हासिल गर्न सर्ने रोगबाट बच्ने तरिका र नसर्ने रोग न्युनिकरणका लागि नागरिक आरोग्य कार्यक्रममा जनताहरुको पहुच सहज पुर्याइनेछ ।

- आयुर्वेद औषधालय संचालित रहेकोमा १५ शैयायुक्त आयुर्वेदिक अस्पतालमा स्तरोन्नतिको लागि सम्बन्धित निकायमा पहल गरिनेछ ।
- स्थानीय स्तरमा उपलब्ध जडिबुटीहरु संकलन गराई पूर्ण औषधी निर्माण गराई सेवाग्राहीलाई सेवा प्रदान गरिनेछ ।
- निर्माणाधिन अवस्थामा रहेको आयुर्वेदिक भवन देखि हुलाकी राजमार्ग सम्म पक्की बाटोको निर्माण गरिनेछ ।
- जेष्ठनागरिकलाई स्वास्थ्य प्रवर्द्धन कार्यक्रम, स्तनपायी आमालाई दुग्धवर्द्धक औषधी वितरण कार्यक्रम, पञ्चकर्म सेवा, नागरिक स्वास्थ्य आरोग्य कार्यक्रममा बजेटको व्यवस्या गरिनेछ ।
- आयुर्वेद औषधालयमा कार्यरत कर्मचारीहरुलाई आवश्यकता अनुसारको क्षमता अभिवृद्धि तालिमको व्यवस्था गराइनेछ ।

## २.३ खानेपानी तथा सरसफाई तर्फः-

- गुणस्तरीय खानेपानीको लागि "एक घर एक धारा" को नारा सहित प्रत्येक वडामा एउटा पानी टयाङ्की निर्माणको लागि पहल गरिनेछ । साथै तत्कालको लागि अति विपन्न र गरिब वर्गमा हैण्ड पम्प समेतको  व्यवस्था गरिनेछ ।
- ढल, नाला, तथा ल्याण्ड फिल्ड साईट व्यवस्थापन क्षेत्र वृद्धिका लागी आवश्यक पहल गरिनेछ ।
- खानेपानी, सरसफाई तथा स्वच्छता क्षेत्रको रणनितिक योजना तयार गरीनेछ ।
- यस आदर्श कोतवाल गाउँपालिकामा घरायसी तथा समुदाय स्तरबाट उत्सर्जन भएका फोहोरको व्यवस्थापनको लागि विशेष पहल गरिनेछ ।
- गाउँपालिका तथा वडा स्तरीय खानेपानी, सरसफाई र स्वच्छता समन्वय समितिको क्षमता अभिवृद्धि तथा सरसफाईको लागि मानिसहरुको बानी व्यवहोरामा आमुल परिवर्तन गर्न गाउँपालिका भरी नै सरसफाई सम्वन्धी जनचेतना मुलक तथा सचेतनामुलक कार्यक्रम संचालन गरिनेछ ।
- फोहोरमैला व्यवस्थापन राष्ट्रिय नीति, २०७९ बमोजिमका कार्यनितिलाई अनुसरण गर्दै फोहोरमैला व्यवस्थापनको प्रभावकारी कार्यान्वयन गरी फोहोरमैला व्यवस्थापनमा जनचेतना अभिवृद्धि गर्दै **"सफा सुन्दर अपन आदर्श कोतवाल"** को रुपमा विकास गरिनेछ । साथै यस गाउँपालिकांको वाल कल्बहरु, टोल विकास संस्थाहरु, आमा समुहहरु लगायत सम्पूर्ण सहयोगी सुभेच्छकहरुको सहयोगमा सफा र सुन्दर गाउँपालिका बनाउने कार्यमा विशेष जोड दिईनेछ ।
- गाउँपालिका क्षेत्र भरी सरसफाई अभियान संचालन गरिनेछ ।

## २.४ खेलकूद तर्फः-

- यस गाउँपालिकामा राष्ट्रिय स्तरको खेलकुद प्रतियोगिता संचालन गर्न क्षमता सम्पन्न एक खेल मैदानको लागि उचित जग्गा छनौट गरी निर्माण कार्य अघि बढाईनेछ ।
- गाउँपालिका स्तरीय वार्षिक खेलकुद महोत्सवको आयोजना गरिनेछ ।
- यस गाउँपालिका अन्तर्गत रहेका युवाहरुलाई सकारात्मक सोच र सुनौलो भविष्यको भावना जागृत गराउन **Career Counseling Program** तथा खेदकुदको विभिन्न **Package Competition** हरु संचालन गराईनेछ ।
- गाउँपालिका स्तरमा खेलकुदको विकास विस्तार गरी नियमित खेलकुद आयोजना गर्न खेलकुदको विषयगत क्लबहरु स्थापना गर्न प्रोत्साहन गरिनेछ ।

## २.५ समावेशीकरण, गरिबी निवारण तथा कला संस्कृति तर्फः

- गाउँपालिका अन्तर्गतका विपन्न मजदुरलाई टेवा पुग्ने गरी सो का अभिलेख राख्न लगाई उनीहरुलाई आधारभूत शिक्षा र अत्यावश्यक स्वास्थ्य सेवाको सुनिश्चितता गरिनेछ ।
- बाल सुरक्षा केन्द्र, महिला सुरक्षा केन्द्र र जेष्ठ नागरिकको सेवा केन्द्र स्थापनाको लागी आवश्यक पहल गरिनेछ ।
- युवालाई तालिम दिन उधमशिलता विकास कोष स्थापना गरी साझेदारीहरु समेतको सहभागितामा उधम विकास कार्यक्रम संचालन गरिनेछ ।
- गाउँपालिकालाई बालमैत्री, पूर्ण खोप, पूर्ण घटना दर्ता गाउँपालिका घोषणा गर्न कार्यक्रम संचालन गरिनेछ ।

# ३. पुर्वाधार विकास तर्फका नीति तथा कार्यक्रमहरुः-

## ३.१ सडक तथा पुल तर्फः-

- चालु आ.व.मा संचालन भई निर्माण हुन नसकेका आयोजनाहरुलाई आगामी आ.व.मा निरन्तरता दिइनेछ ।
- सडकलाई स्तरीय तरिकाले संचालन गर्नको लागि स्तरोन्ती अनिवार्य रुपमा छिटो गरिनेछ, गा.पा. भित्रका "क" वर्गको हुलाकी राजमार्गसँग हुने प्रमुख सडकहरु ३०-२५ फिट "ख" वर्गको सडकहरु २५-२० फीट र "ग" वर्गको गाउँको सडकहरु १५-२० फीट र पुराना बस्तीहरुको साँघुरो सडकहरुलार समेत कम्तीमा १३ फीट वा सो भन्दा बढी भएका सडकलाई नक्सा अनुसार सडक चौडा गरी मात्र सडक मर्मत स्वीकृत योजनाहरु संचालन गरिनेछ ।
- सडक बनाउँदा सडकको दाँया/बाँया पानी निकास हुने खालको संरचनाको निर्माण गरिनेछ।

- स-साना सडकहरुमा रकम लगानी गर्दा रकम छरिन गई अपेक्षित प्रतिफल प्राप्त हुन नसक्ने भएकोले क्षेत्रगत सन्तुलनलाई ध्यान दिदै मापदण्ड अनुसार महत्वपुर्ण सडकहरु निर्माण तथा मर्मतको लागि मर्मत सम्भारकोष खडा गरी प्राथमिकताको साथ निर्माण कार्य बढाइनेछ ।

### ३.२ भवन तथा सहरी विकास तर्फः-

- स्थानीय तहको विकास निर्माणको लागि प्रयोग हुने सबै वस्तु तथा सेवाको दररेट कायम गरी लागु गरिनेछ ।
- कानुन बनाइ यस गा.पा. भित्र घर बनाउँदा नक्सा अनिवार्य रुपमा पास गराउने प्रावधान राखिनेछ ।
- यस आदर्श कोतवाल गाउँपालिकाको सार्वजनिक जग्गामा उपयुक्त स्थानमा यात्रु प्रतिक्षालय तथा सामुदायिक भवन निर्माण गरिनेछ ।
- यस गा.पा. अन्तर्गतको सम्पूर्ण सरकारी भवनको लगत तयार गरी अद्यावधिक गरिनुको साथै मापदण्ड तयार गरी संरक्षण तथा मर्मतको व्यवस्था मिलाईनेछ ।
- यस गाउँपालिका अन्तर्गत दलित तथा विपन्न वर्गको लागि शहरी विकास मन्त्रालयसँग आवश्यक समन्वय गरी आवासको व्यवस्था मिलाउन पहल गरिनेछ ।
- विकास निर्माणका कार्यहरु गुणस्तरीय सामाग्रीहरु प्रयोग भए नभएका भवन आचार संहिता पालना भए नभएका विकासको कार्य गर्दा वातावरणीय अध्ययन भए नभएको चुस्त र दुरुस्त तरिकाले अनुगमन गरी पर्यावरणिय तथा वातावरणीय मैत्री विकासमा जोड दिइनेछ ।
- यस गाउँपालिकामा एक वडा एक सामुदायिक भवनको निर्माण गर्नुको साथै अन्य आवश्यकीय सार्वजनिक भवनको निर्माण कार्यलाई प्राथमिकिकरण गरी प्रकृया अगाडी बढाईनेछ ।

### ३.३ विधुत तथा वैकल्पिक उर्जा तर्फः-

- यस गाउँपालिकाको सडक,बजार तथा बस्तीमा सोलार बत्तीको व्यवस्था गर्ने तथा अन्य नविकरनिय उर्जाको प्रयोग तथा प्रवर्द्धन गर्दै उज्यालो गाउँपालिका कार्यक्रम अभियान चलाइनेछ ।

## ४. वातावरण तथा विपद व्यवस्थापन सम्बन्धि नीति तथा कार्यक्रमहरुः-

### ४.१ वन, वातावरण तथा जलवायु परिवर्तन तर्फः-

- "ग्रिन गाउँपालिका, क्लिन गाउँपालिका" अवधारणा अनुरुप मुख्य सडक तथा सहायक सडकको दाँया बाँया छेउमा वृक्षारोपण कार्यक्रम संचालन गरी हरित सडकको रुपमा विकास गरिनेछ ।

- यस गाउँपालिका अन्तर्गतको सम्पुर्ण विकासलाई वातावरण मैत्री पुर्वाधार निर्माणको रुपमा अघि बढाइनेछ ।
- यस गाउँपालिकाको स्वच्छ वातावरण निर्माणार्थ यस आ.व.बाट प्लाष्टिक रहित वातावरण तथा धुवा मुक्त पर्यावरण घोषणाको लागि आवश्यक कार्यक्रम संचालन गरिनेछ ।
- जल तथा भूमिको संरक्षणको साथै भुमिको उत्पादकत्व वृद्धि गरी कृषि उत्पादन बढाउन सहयोग पुऱ्याउनको लागि जलाधार क्षेत्रको एकीकृत संरक्षण तथा व्यवस्थापन गरिनेछ ।
- जलवायु परिवर्तनबट गाउँपालिकाको वातावरणमा पर्न सक्ने प्रभाव न्युनीकरण परिस्थतकिय प्रणाली स्थानीय जनता र यहाँका जीविकोपार्जनमा पार्न सक्ने प्रभावलाई कार्यान्वयनको लागि कार्यक्रम संचालन गरिनेछ ।
- जैविक विविधता र जैविक स्रोतको संरक्षण लगायत सुनिश्चित गरिनेछ।

## ४.२ विपद व्यवस्थापन तथा भू-संरक्षण तर्फः-

- यस गाउँपालिकाका विपद व्यवस्थापन कोषको रकमको व्यवस्थापन गरि आवश्यकीय क्षेत्रमा मापदण्ड तयार गरी विपद व्यवस्थापन कार्य संचालन गरिनेछ ।
- यस गाउँपालिकाको क्षेत्रमा विपद जन्य (डुबान, कटान तथा भु-क्षय) कार्यको नियन्त्रणको लागि विपद पूर्व विपदको समय र विपद पश्चातको कार्यको रणनितिक योजना तयार गरिनेछ ।
- यस गाउँपालिकाको संरचनागत विकासको लागी विपद पूर्व तयारी तथा प्रतिकार्य योजना जोखिम न्युनीकरण सम्बन्धी कार्ययोजना बनाइ कार्यान्वयनमा ल्याइनेछ ।
- यस आदर्श कोतवाल गाउँपालिका अन्तर्गत विपद जोखिम क्षेत्रको नक्साङकन तथा बस्तीहरुको परिचालन र व्यवस्थापन गरिनेछ । साथै विपदमा परेकाको खोज तथा उद्धारको लागि आवश्यक सामाग्रीको पुर्ण भण्डारण वितरण र समन्वय गरिनेछ ।

## ५. संस्यागत विकास तथा सेवा प्रवाह सम्बन्धि नीति तथा कार्यक्रमहरुः-

- गाउँपालिका भरिका तथ्याङ्कहरुलाई डिजिटल रुपमा हेर्न सकिने गरि गाउँपालिकाको डिजिटल प्रोफाइल निर्माण गरिनेछ ।
- यस गाउँपालिका अन्तर्गतका सबै कार्यालयमा पूर्ण प्राथमिक्ताका साथ ई-हाजिरी जडान गरिनेछ ।
- यस गाउँपालिकालाई डिजिटल पालिकामा रुपान्तरण गर्नको लागि गाउँपालिका कार्यालय तथा सबै वडा कार्यालयहरुमा डिजिटल डिस्पले जडान गरिनेछ ।
- यस गाउँपालिका अन्तर्गतका सम्पूर्ण विद्यालय, स्वास्थ्य चौकी, वडा कार्यालयहरुमा सि.सि.टि.भि. क्यामरा जडान गरिनेछ ।
- गाउँपालिका कार्यालयमा इन्टरकम सर्भिस (Intercom Service) जडानको व्यवस्था गरिनेछ।

- नव निर्वाचित जनप्रतिनिधी तथा कर्मचारीहरुको लागि सूचना प्रविधि सँग सम्बन्धित विभिन्न अभिमुखिकरण कार्यक्रमहरुको व्यवस्था मिलाइनेछ ।
- गाउँपालिकाको क्रियाकलापहरुलाई पारदर्शी बनाउन तथा सूचनाको हकलाई अनुभुती दिलाउन सूचनाको हक र जिम्मेवारी सम्बन्धी अभिमुखिकरण कार्यक्रम गराइनेछ ।
- गा.पा तथा वडा कर्मचारीहरुको क्षमता विकास गर्नको लागि आधारभुत कम्प्यूटर तालिम प्रदान गरिनेछ ।
- जनप्रतिनिधि तथा कर्मचारीहरुलाई साइबर क्राइम सम्बन्धी अन्तरक्रिया कार्यक्रमको व्यवस्था मिलाईनेछ ।
- गाउँपालिका र अन्तर्गतका वडाहरुमा विषयगत शाखाहरुको लागि आवश्यक फर्निचर तथा मेसिनरी सामान खरिद गरिनेछ ।
- कर्मचारी तथा पदाधिकारीहरुको क्षमता अभिवृद्धि गर्न विशेष तालिमको व्यवस्था गरिनेछ ।
- सेवा प्रवाहलाई प्रभावकारी बनाउन संस्थागत क्षमता विकास गरिनेछ एवम संस्यागत पुर्वाधार विकासमा जोड दिइनेछ ।
- यस गाउँपालिकामा नागरिक सहायता कक्षको स्थापना तथा डिजिटल नागरिक वडापत्र र सुझाव पेटिका अनिवार्य रुपमा राख्नुपर्ने व्यवस्था मिलाइनेछ ।
- सेवा प्रवाहलाई प्रभावकारी बनाउन सेवाको मापदण्ड निर्धारण गरिनेछ साथै सेवा प्रवाहमा विधुतीय माध्यमबाट हुने सुचना प्रविधिको प्रयोगमा जोड दिइनेछ ।
- सबै वडाको घरधुरी दर्ता गरी घरधुरी पहिचानकव लागि निश्चित कोड प्रदान गरिनेछ ।
- एकीकृत तथ्याङ्क व्यवस्थापन प्रणाली सुरुवात गरिनेछ । पारिवारिक विवरण स्थापना गरि सफ्टवेयर मार्फत वडाहरु बाटै तथ्याङ्क अद्यावधिक हुने व्यवस्था हुने व्यवस्था सुरु गरिनेछ।
- गाउँपालिका र वडा कार्यालयको दरबन्दी संरचना सरकार र प्रदेशिक सरकारसँग संगठन र विकास सम्बन्धी आवश्यक समन्वय, परामर्श र साझेदारी गरि सोही अनुरुप पदपुर्ती, समायोजन, दरबन्दी सिर्जना, सरुवा, बढुवा तथा वृति विकास प्रणाली व्यवस्थीत गरिनेछ ।
- गाउँपालिकाबाट संचालित योजनाहरुको नियमित अनुगमन तथा सुपरिवेक्षण गरिनेछ ।
- गाउँपालिकाको सबै सुचनाहरु वेवसाइट, मोवाइल एप्लिकेसन सामाजिक संजाल पेज, रेडियो तथा पत्रपत्रिकामा निरन्तर प्रकाशन तथा प्रसारण गरिने व्यवस्था मिलाइनेछ ।
- कर्मचारीलाई प्रोत्साहन गर्न स्थानीय भत्ता उपलब्ध गराइनेछ ।

## ६. वित्तिय व्यवस्थापन तथा सुशासन सम्बन्धि नीति तथा कार्यक्रमहरुः-

- विगतमा गाउँपालिकाले प्रदोपन गरे अनुसारको राजस्व उठाउन नसकेको सन्दर्भमा राजस्व सम्बन्धमा विस्तृत अध्ययन गरी करको दरमा न्यूनीकरण गरी दायारालाई फराकिलो बनाईनेछ ।

- यस गाउँपालिका अन्तर्गतको पुरानो तथा नयाँ व्यवसायहरुलाई अनिवार्य दर्ता प्रकृयामा समावेश गर्ने र सो को लागि सहजिकरण गर्न घुम्ती सेवा संचालनमा ल्याईनेछ ।
- गाउँपालिकामा करको दायारामा आउन नसकेका र ल्याउन नसकिएका व्यवसायी तथा गाउँपालिका बासीहरुको पहिचान गरी दायारामा ल्याउन प्रयत्न गरिनेछ । साथै व्यवसाय दर्ता प्रकृयालाई व्यवस्थित गरी गाउँपालिकाको आन्तरिक श्रोत सबल बनाइनेछ ।
- यस निति तथा कार्यक्रममा स्थानीय गैर सरकारी संस्था तथा अन्तराष्ट्रिय गैर सरकारी संस्थाहरुलाई आमन्त्रण गरी साझेदारीको लागि अपिल गरिनेछ ।
- गाउँपालिकाको आम्दानी र खर्च त्रैमासिक रुपमा सार्वजनिक गरिनेछ ।
- सार्वजनिक वित्तिय जवाफदेहिता र पारदर्शिता प्रवर्द्धन गर्नका लगि आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वयन गरिनेछ ।
- यस गाउँपालिकामा हुने सबै आर्थिक तथा वित्तिय कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिताको आधारमा आन्तरिक लेखापरीक्षण कार्यलाई नियमित बनाइनेछ ।यसका लागि आन्तरिक लेखापरीक्षण शाखा व्यवस्थापन सम्बन्धि सबै कार्य गरिनेछ ।
- आर्थिक पारदर्शिताको निति अबलम्वन गरिनेछ । यसका लागि सामाजिक लेखापरिक्षण र सार्वजनिक सुनुवाईलाई अनिवार्य र प्रभावकारी बनाई कार्यान्वयन गरिनेछ ।
- कर मुल्याङ्कन प्रक्रियालाई पारदर्शित बनाउने, अभिलेखिकरणलाई व्यवस्थित गरिनेछ । साथै सूचना अधिकारीको मार्फत सूचना प्रवाहिकरणलाई सहजीकरण गरिनेछ ।
- कर सचेतना सम्बन्धी जनचेतनामुलक कार्यक्रम संचालन गरिनेछ ।
- उत्कृष्ट कर तिर्ने करदातालाई सम्मान तथा पुरस्कार गर्ने निति अबलम्बन गरिनेछ । यस क्रममा बार्षिक रु. एक लाख भन्दा बढी कर तिर्ने करदाताहरुको अभिलेख राखी निजहरुलाई विशेष रुपमा पुरस्कृत र सम्मान गर्ने व्यवस्था सुरु गरिनेछ ।
- गाउँपालिकाको विकास निर्माण लगायत कार्य संचालन गर्दा बेरुजुको आयतन बढन नदिई आयोजनाको कामको आधारमा भुक्तानी दिने कार्यलाई अगाडी बढाइनेछ । साथै बेरुजु फर्छ्यौटलाई मुख्य प्राथमिकतामा राखिनेछ ।
- अनावश्यक खर्च नियन्त्रण गरिनेछ । खर्चलाई नतिजासँग आवद्ध गर्ने प्रणालीलाई संस्थागत गरिनेछ ।
- गत आ.ब. हरुको बेरुजु तथा पेश्की फर्छ्यौटलाई अभियानकै रुपमा अगाडी बढाइनेछ । शुन्य पेश्कीको आधारमा गाउँपालिकाबाट प्रदान गरिने सबै सेवाहरुलाई कर प्रणालीमा आवद्ध गर्दै लगिनेछ ।

## ७. महिला, बालबालिका तथा आपाङ्ग सम्बन्धि नीति तथा कार्यक्रमहरुः-

- आपाङ्ग बालबालिकाको लागी गा.पा. मा Help Desk को व्यवस्था गरिने छ ।

- यस गाउँपालिका भित्रका बालबालिका तथा आपाङ्गहरुको लागि फलदायी हुने गरी Package कार्यक्रमहरु संचालन गरिनेछ ।
- आपाङ भएका बालबालिकाहरुलाइ विभिन्न सीपमुलक तालिमको व्यवस्था मिलाइने छ ।
- बाल बिवाहलाइ निरुत्साहित गरिने छ ।
- आपाङ मैत्री गाउँपालिका स्तरिय शौचालयको व्यवस्था मिलाइनेछ ।
- आपाङता भएको बालबालिकाहरुका लागी निशुल्क स्वास्थ्य शिविरको व्यवस्था मिलाइनेछ।
- अपाङ्ग स्थानीय समन्वय समितिको बैठक संचालन खर्चको व्यवस्था मिलाइनेछ ।
- विघालयहरुमा आपाङ मैत्रि फर्निचरको व्यवस्था मिलाइने छ ।
- यस गाउँपालिका भित्र रहेका सम्पुर्ण महिलाहरुको हक हितको संरक्षण गरिने छ ।
- बाल विवाह निर्मुलीकरणको लागि आवश्यक नितिगत व्यवस्था गरिनेछ र दाईजो प्रथाको उन्मुलन गरि **दाईजो मुक्त गाउँपालिका घोषणा** गरिनेछ।
- गरिव दलित महिलाहरुलाइ आय-मुलक रोजगारीको व्यवस्था मिलाइने छ । साथै बेरोजगार महिलाहरुलाई आत्मनिर्भर बनाउन सिपमुलक तालिम तथा क्षमता अभिवृद्धि सम्बन्धी कार्यक्रम संचालन गरिनेछ ।
- महिलाको स्वास्थ्य परीक्षण गराउन निःशुल्क स्वास्थ्य शिविरको व्यवस्था गरिने छ ।
- न्यायिक समितिद्वारा सरल सुलभ तरिकाबाट न्याय प्रदान गरिने छ । **"निमुखालाई न्याय, विपन्नलाई आय"** सिद्धान्तमा आधारित भई गाउँपालिकाको बेरोजगार जनशक्तिको उचित व्यवस्थापनको लागि रोजगारको सिर्जना र समतामुलक न्यायको अभ्यास गराईनेछ ।
- सबै वडामा मेलमिलाप केन्द्रको स्थापना गरिनेछ ।
- न्यायिक समितिका सदस्यहरुको क्षमता विकासका लागि तालिम संचालन गराईनेछ ।

## ८. समाजिक सुरक्षा तर्फका नीति तथा कार्यक्रमहरुः-

- सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता प्रणाली सुदृढीकरण अन्तर्गत विभिन्न कार्यक्रमहरु संचालन गरिनेछ । साथै यस गाउँपालिकामा कार्यरत एम.आई.एस अपरेटर तथा फिल्ड सहायकका लागि एक चौमासिक बराबरको पारिश्रमिक यस कार्यालयबाट उपलब्ध गराईनेछ ।
- एकीकृत समाजिक सुरक्षा रणनिति निर्माण गरिनेछ ।
- समाजिक सुरक्षाको पहुँच, प्रभावकारिता र सुधारका लागी थप कार्यहरु संचालन गरिनेछ ।
- समाजिक सुरक्षा व्यवस्थालाई आपतकालिन जोखिम संबोधन गरिने गरी कार्यक्रम ल्याइनेछ।

आज मिति २०७९/०३/०९ गतेका दिन यस आदर्श कोतवाल गाउँपालिकाका अध्यक्ष श्री जवाहर प्रसादज्यूको अध्यक्षतामा बसेको आ.व. २०७९/०८० को वार्षिक वजेट, नीति तथा कार्यक्रम प्रस्तुतिकरण वैठकमा देहाय बमोजिमका उपस्थितिमा सु-सम्पन्न भयो ।

<u>उपस्थिति</u>

| क्र.सं. | नाम थर | पद | हस्ताक्षर | मोबाइल नं. |
|---|---|---|---|---|
| १ | जवाहर प्रसाद | गाउँसभा सभाअध्यक्ष | | |
| २ | मिरा देवी | गाउँसभा उपाध्यक्ष | | |
| ३ | प्रमोद कुमार साह | प्र.प्र.अ. | | |
| ४ | सुनिल प्रसाद कुश्वाहा | गाउँसभा सदस्य | | |
| ५ | मनोज कुमार मेहता | गाउँसभा सदस्य | | |
| ६ | शशिभुषण प्रियदर्शी यादव | गाउँसभा सदस्य | | |
| ७ | शेख जवाहिर | गाउँसभा सदस्य | | |
| ८ | रुपेश नारायण सिंह | गाउँसभा सदस्य | | |
| ९ | राजु कुमार गुप्ता | गाउँसभा सदस्य | | |
| १० | जनक ठाकुर लोहार | गाउँसभा सदस्य | | |
| ११ | हरिनारायण प्रसाद कुशवाहा | गाउँसभा सदस्य | | |
| १२ | गान्धी देवी | गाउँसभा सदस्य | | |
| १३ | सुरसती देवी | गाउँसभा सदस्य | | |
| १४ | रंजीत प्रसाद गुप्ता | गाउँसभा सदस्य | | |
| १५ | लखीन्द्र प्रसाद साह | गाउँसभा सदस्य | | |
| १६ | प्रमिला कुमारी चौधरी | गाउँसभा सदस्य | | |
| १७ | फुलमाया देवी | गाउँसभा सदस्य | | |
| १८ | नन्दलाल साह तेली | गाउँसभा सदस्य | | |
| १९ | श्याम हजरा दुसाद | गाउँसभा सदस्य | | |
| २० | उर्मिला देवी | गाउँसभा सदस्य | | |
| २१ | रिना देवी राम | गाउँसभा सदस्य | | |
| २२ | जुलुस राय यादव | गाउँसभा सदस्य | | |
| २३ | सिकिन्दर प्रसाद यादव | गाउँसभा सदस्य | | |
| २४ | अजरुन खातुन | गाउँसभा सदस्य | | |

| क.सं. | नाम थर | पद | हस्ताक्षर | मोबाइल नं. |
|---|---|---|---|---|
| २५ | सुनैना चमइन | गाउँसभा सदस्य | | |
| २६ | शंकर साह कानु | गाउँसभा सदस्य | | |
| २७ | पपु कुमार यादव | गाउँसभा सदस्य | | |
| २८ | कमोधा देवी | गाउँसभा सदस्य | कमोधा | |
| २९ | सुनिता देवी | गाउँसभा सदस्य | सुनिता | |
| ३० | जयमंगल प्रसाद साह | गाउँसभा सदस्य | [illegible] | |
| ३१ | प्रयाग महतो धानुक | गाउँसभा सदस्य | [illegible] | |
| ३२ | पुजनी कुमारी देवी | गाउँसभा सदस्य | पुजनी | |
| ३३ | सहोदरी देवी चमार | गाउँसभा सदस्य | | |
| ३४ | अनहोती महतो | गाउँसभा सदस्य | [illegible] | |
| ३५ | अरुण कुमार पाण्डे | गाउँसभा सदस्य | | |
| ३६ | सकली देवी सहनी | गाउँसभा सदस्य | सकली | |
| ३७ | बचनी देवी | गाउँसभा सदस्य | बचनी | |
| ३८ | दिपलाल प्रसाद कुशवाहा | गाउँसभा सदस्य | दिपलाल | |
| ३९ | लालप्रसाद यादव | गाउँसभा सदस्य | लालप्रसाद यादव | |
| ४० | रम्भा देवी | गाउँसभा सदस्य | [illegible] | |
| ४१ | रामपति देवी | गाउँसभा सदस्य | | |
| ४२ | शिव सा कानु | गाउँसभा सदस्य | [illegible] | |
| ४३ | सनत मुखिया वीन | गाउँसभा सदस्य | सनात | |
| ४४ | रामनरेश महरा | गाउँसभा सदस्य | रामनरेश | |
| ४५ | गुन्जेश्वरी प्रसाद साह कानु | गाउँसभा सदस्य | गुन्जेश्वरी | |

आ.व. ०७९/०८० को आय-व्ययको विवरण

| सि.नं. | आय तर्फ | रकम रु. | सि.नं. | व्यय तर्फ | रकम रु. |
|---|---|---|---|---|---|
| १ | संघीय सरकार | ३६४७४३०००.०० | १ | चालु | २६३१७०८१८.१० |
| १.१ | समानीकरण अनुदान | ११३४०००००.०० | २ | पुजिगत | २२४९३५७८२.६४ |
| १.२ | राजश्व बाँडफाँड | ८३३४३०००.०० | | | |
